डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड
Deprosc Laghubitta Bittiya Sanstha Limited
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)

CRO Reg. No. 767/057/58 PAN No.: 301235073

च.नं.: ३५३१०८१/०८२

मितिः २०८२/०३/०४

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिहदरवारप्लाजा, काठमाण्डौं ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
पुतलीसडक, काठमाण्डौं ।

बिषयः लक इन (Lock In) अवधि समाप्त हुने सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा नेपाल धितोपत्र बोर्डको पत्र संख्याः ८०/८१ चलानी नं. १५२३ मिति २०८०/०८/२५ गतेको पत्रबाट संगठित संस्थाबाट लक इन (Lock In) अवधि समाप्त सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गर्ने सम्बन्धमा दिईएको निर्देशन बमोजिम यस वित्तीय संस्थाले प्राप्ति (एक्विजिशन) गरेको साविक आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक तथा कर्मचारीहरूको स्वामित्वमा रहेको शेयरको लक इन (Lock In) अवधि मिति २०८२ श्रावण १० गते समाप्त हुने व्यहोरा जानकारीको लागि अनुरोध छ । साथै, नियामक निकायहरू, संस्थापक शेयरधनीहरू तथा कर्मचारीहरू लगायत सम्पूर्ण सरोकारवालाहरूको जानकारीको लागि मिति २०८२ आषाढ ४ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको लक इन (Lock In) अवधि समाप्त हुने सम्वन्धी सूचना यसै साथ संलग्न रहेको व्यहोरा अनुरोध छ ।

भवदीय,

(ज्ञानेन्द्रप्रसाद अर्याल)
कम्पनी सचिव

Deprosc Laghubitta Bittiya Sanstha Limited 2057 B.S. Head Office

बोधार्थः

१. श्री नविल ईन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड
नक्साल, काठमाण्डौं ।

मितिः २०८२/०३/०४ गते

आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित सूचना

डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड

केन्द्रीय कार्यालय, भरतपुर-१०, चितवन

फोन नं. ०५६–५१७९००, ०१-५३८८६५०

लक इन (Lock In) अवधि समाप्त हुने सम्बन्धी सूचना

यस डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले साविक आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्वीजिशन) गरी मिति २०८० आषाढ १ गतेबाट एकीकृत वित्तीय कारोवार भएको व्यहोरा स्मरणार्थ अनुरोध छ।

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ३८ (१) मा भएको व्यवस्था अनुसार यस वित्तीय संस्था (साविक आदर्श लघुवित्त वित्तीय संस्था) को साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गरी बाँडफाँड भएको मितिले तीन वर्ष अवधि पुरा नभई संस्थापकहरुले धारण गरेको शेयर तथा वित्तीय संस्थाको कर्मचारीहरुको स्वामित्वमा रहेका शेयरहरु बिक्री गर्न नपाईने भएकोले उल्लेखित शेयरहरु लक इनमा राखिएको र नेपाल धितोपत्र बोर्डको पत्र संख्याः ८०/८१ चलानी नं. १५२३ मिति २०८०/०८/२५ गतेको पत्रबाट निर्देशन भए बमोजिम उक्त शेयरको लक इन अवधि देहाय बमोजिमको मितिमा समाप्त हुने व्यहोरा नियामक निकायहरु, संस्थापक शेयरधनीहरु तथा कर्मचारीहरु लगायत सम्पूर्ण सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

साविकको आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक शेयरधनी तथा कर्मचारीहरुको स्वामित्वमा रहेको शेयर सम्बन्धी विवरणः

क्र.सं.	शेयरको विवरण	लक इनमा रहेको जम्मा शेयर संख्या	लक इन समाप्त हुने मिति
१	संस्थापक शेयर	२,०२,३४२	मिति २०८२ श्रावण १० गते
२	कर्मचारीहरुको शेयर	१,४८२	
जम्मा शेयर		**२,०३,८२४**	

नोटः वित्तीय संस्थाको संस्थापक शेयरधनीहरुको हकमा प्रचलित कानून बमोजिम शेयर खरिद बिक्री हुनेछ र उच्च व्यवस्थापन तहमा रहेका कर्मचारीहरुले शेयर खरिद बिक्री गर्न पाईने छैन।